प्रस्तावना : विद्युत उत्पादन, प्रसारण, वितरण तथा व्यापार प्रवर्द्धन गरी स्वच्छ, नियमित, भरपर्दो, गुणस्तरीय, सुरक्षित तथा सर्वसुलभ विद्युत आपूर्ति गर्नका लागि विद्युत सम्बन्धी प्रचलित नेपाल कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "विद्युत ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन प्रमाणीकरण भएको एकतीसौं दिनदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अनुमतिपत्र" भन्नाले विद्युत उत्पादन, प्रसारण, वितरण, व्यापार, ग्राहक सेवा वा विद्युत उत्पादन गर्ने संरचनाको विकास तथा सञ्चालनका लागि यस ऐन बमोजिम प्रदान गरिएको अनुमतिपत्र सम्झनु पर्छ ।

(ख) "अनुमतिपत्र प्राप्त संस्था" भन्नाले यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त गरेको सरकारी, सामुदायिक, कानून बमोजिम स्थापित वा निजी स्वामित्वको संस्था सम्झनु पर्छ ।

(ग) "अनुमतिपत्र प्रदान गर्ने अधिकारी" भन्नाले दफा १६ बमोजिमको अनुमतिपत्र प्रदान गर्ने अधिकारी सम्झनु पर्छ ।

(घ) "आयोग" भन्नाले विद्युत नियमन आयोग ऐन, २०७४ बमोजिमको विद्युत नियमन आयोग सम्झनु पर्छ ।

(ङ) "उत्पादन" भन्नाले विद्युत उत्पादन गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले त्यस्तो कार्यको लागि आवश्यक संरचनाको निर्माण, विद्युत खरिद बिक्रीको लागि अधिकार प्राप्त संस्थासँग भएको विद्युत जडान सम्झौता (कनेक्सन एग्रीमेन्ट) बमोजिमको राष्ट्रिय प्रसारणमा जोड्ने विन्दुसम्मको प्रसारण लाइनको निर्माण, सञ्चालन तथा सम्भारको कार्यलाई समेत जनाउँछ ।

(च) "ऊर्जा आयोग" भन्नाले जल तथा ऊर्जा आयोग सम्झनु पर्छ ।

(छ) "क्याप्टिभ उत्पादन" भन्नाले कुनै संस्था, उद्योग, फर्म वा कम्पनीले आफ्नो परिसर भित्र आफ्नो प्रयोजनको लागि वा आफूले उत्पादन गरेको विद्युतको कम्तीमा एकाउन्न प्रतिशत आफैंले उपयोग गर्ने गरी निर्माण गरेको जलविद्युत बाहेकको विद्युत उत्पादन सम्झनु पर्छ ।

(ज) "खुला पहुँच" भन्नाले विद्युत उत्पादन, व्यापार वा ग्राहक सेवा अनुमतिपत्र प्राप्त संस्थाले राष्ट्रिय प्रसारण ग्रिड, वितरण प्रणाली र सोसँग सम्बन्धित संरचना तथा सुविधा बिना भेदभाव प्रयोग गर्न पाउने अवस्था सम्झनु पर्छ ।

(झ) "ग्राहक सेवा" भन्नाले विद्युत वितरण वा ग्राहक सेवाको अनुमतिपत्र प्राप्त संस्थाबाट विद्युत लाईन र मिटर समेत जडान गरी विद्युत सेवा लिने संस्था,

सम्झनु पर्छ ।

(ञ) "ग्रिड" भन्नाले प्रसारण लाइन, सबस्टेशन तथा उत्पादन केन्द्रहरु एक आपसमा अन्तरसम्वन्धित भएको उच्च भोल्टेजयुक्त विद्युत सञ्जाल सम्झनु पर्छ ।

(ट) "जलविद्युत" भन्नाले जलस्रोतबाट उत्पादित विद्युत शक्ति सम्झनु पर्छ।

(ठ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यो ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ड) "प्रसारण" भन्नाले वितरण प्रणाली वाहेक कुनै एक विद्युत उत्पादन केन्द्रबाट अर्को विद्युत उत्पादन केन्द्र वा सवस्टेशनसम्म वा कुनै एक सवस्टेशनबाट अर्को सवस्टेशनसम्म उच्च क्षमतायुक्त तारको माध्यमबाट विद्युत शक्ति प्रवाह गर्ने प्रक्रिया सम्झनु पर्छ ।

(ढ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय सम्झनु पर्छ ।

(ण) "महसुल" भन्नाले विद्युत सेवा उपभोग गरे वापत ग्राहकले विद्युत वितरण अनुमतिपत्र प्राप्त संस्थालाई वुझाउनु पर्ने विद्युत महसुल तथा आयोगले तोकेको अन्य कुनै शुल्क सम्झनु पर्छ।

(त) "राष्ट्रिय प्रसारण ग्रिड" भन्नाले दफा २६ वमोजिमको राष्ट्रिय प्रसारण ग्रिड सम्झनु पर्छ ।

(थ) "वितरण" भन्नाले प्रसारण लाईन वा सवस्टेशनवाट ग्राहकलाई विद्युत सेवा उपलव्ध गराउने कार्य सम्झनु पर्छ ।

(द) "वितरण प्रणाली" भन्नाले ग्राहकलाई विद्युत सेवा उपलव्ध गराउने उद्देश्यले निर्माण गरिएको विद्युत वितरण सञ्जाल वा संरचना सम्झनु पर्छ ।

(ध) "विद्युत" भन्नाले जलस्रोत, खनिज तेल, कोइला, ग्यास, सौर्य, वायु, आणविक, भूतापीय, जैविक पदार्थ, गुरुत्व वल वा अन्य कुनै स्रोतबाट उत्पादन गरिएको विद्युत ऊर्जा सम्झनु पर्छ ।

(न) "विद्युतीकरण" भन्नाले विद्युत सेवा नपुगेको क्षेत्रमा तेत्तीस किलोभोल्ट वा सोभन्दा कम भोल्टेजस्तरका वितरण लाईन तथा सवस्टेशन लगायत आवश्यक पूर्वाधारहरुको निर्माण गरी राष्ट्रिय प्रसारण ग्रिड वा छुट्टै प्रणाली मार्फत विद्युत सेवा उपलव्ध गराउने कार्य सम्झनु पर्छ ।

(ऩ) "विद्युत आयोजना" भन्नाले विद्युतको उत्पादन, प्रसारण, वितरण, व्यापार, ग्राहक सेवा वा विद्युत उत्पादन गर्ने बाँधको संरचना निर्माण, सञ्चालन, पुनर्निर्माण वा विस्तारसँग सम्वन्धित आयोजना सम्झनु पर्छ र सो शव्दले क्याप्टिभ उत्पादन तथा सहउत्पादनलाई समेत जनाउँछ ।

(प) "विद्युत मार्गको अधिकार (राईट अफ वे)" भन्नाले विद्युत प्रसारण तथा वितरणको लागि जमिनमुनि वा जमिन माथिबाट आवश्यक विद्युतीय तार तान्न र त्यस्तो तार यथावत् कायम राख्न भोल्टेज अनुसार आवश्यक पर्ने न्यूनतम दूरी सहितको क्षेत्र सम्झनु पर्छ र सो शव्दले त्यस्तो विद्युतीय तारको निरीक्षण, मर्मत सम्भार, हेरफेर,

(फ) "विद्युत व्यापार" भन्नाले अनुमतिपत्र प्राप्त संस्था आफैंले विद्युत उत्पादन गरी वा खरिद गरी विद्युत बिक्री गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले विद्युतको अन्तरदेशीय आयात वा निर्यात गर्ने कार्यलाई समेत जनाउँछ ।

(ब) "विभाग" भन्नाले विद्युत विकास विभाग सम्झनु पर्छ ।

(भ) "संरचना" भन्नाले विद्युत उत्पादन, प्रसारण वा वितरणको लागि निर्माण भएका बाँध, जलाशय, जलमार्ग, प्रवेश मार्ग, सुरुङ्ग, विद्युत गृह वा केन्द्र, सबस्टेशन, प्रसारण लाइन वा वितरण लाईन सम्झनु पर्छ र सो शब्दले त्यस्ता संरचनाले चर्चेको जग्गा र त्यसमा जडित मेशिनरी र उपकरणलाई समेत जनाउँछ ।

(ल) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ ।

(व) "सहउत्पादन" भन्नाले एउटै उत्पादन प्रणालीबाट तापीय र विद्युत शक्ति उत्पादन गर्ने प्रक्रिया सम्झनु पर्छ ।

## परिच्छेद-२

## विद्युत आयोजनाको विकास तथा सञ्चालन र विद्युतमा पहुँच

३. विद्युत आयोजनाको विकास तथा सञ्चालन गर्ने अधिकारः (१) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहलाई देहाय वमोजिमका क्षमताको विद्युत आयोजनाको विकास तथा सञ्चालन गर्ने अधिकार हुनेछः-

(क) पाँच मेगावाटसम्म जडित क्षमताको विद्युत आयोजना र वैकल्पिक ऊर्जा सम्वन्धी विद्युत आयोजनाको हकमा सम्वन्धित स्थानीय तह,

(ख) पाँच मेगावाटभन्दा वढी पच्चीस मेगावाटसम्म जडित क्षमताको विद्युत आयोजनाको हकमा सम्वन्धित प्रदेश सरकार,

(ग) दुई वा सोभन्दा वढी स्थानीय तहको सीमानामा पर्ने पाँच मेगावाटसम्म जडित क्षमताको विद्युत आयोजनाको हकमा सम्वन्धित प्रदेश सरकार,

(घ) पच्चीस मेगावाटभन्दा वढी जडित क्षमताको विद्युत आयोजनाको हकमा नेपाल सरकार,

(ङ) दुई वा सोभन्दा वढी प्रदेशको सीमानामा पर्ने पाँच मेगावाटदेखि पच्चीस मेगावाटसम्म जडित क्षमताको विद्युत आयोजनाको हकमा नेपाल सरकार,

(च) खण्ड (क), (ख) र (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रिय ग्रीडमा जोडिने विद्युत आयोजनाको हकमा नेपाल सरकार ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले प्रदेश सरकार र स्थानीय तहसँगको सहकार्य र समन्वयमा जतिसुकै जडित क्षमताको विद्युत आयोजनाको विकास र सञ्चालन गर्न सक्नेछ ।

४. विद्युतीकरण गर्नेः (१) नेपाल सरकारले प्रदेश सरकार र स्थानीय तहसँगको सहकार्य र समन्वयमा स्वच्छ, गुणस्तरीय, सुरक्षित, नियमित र भरपर्दो विद्युतमा प्रत्येक नागरिकको पहुँच सुनिश्चित हुने गरी विद्युतीकरण गर्ने वा गराउनेछ ।

तहलाई आवश्यक पर्ने प्राविधिक सहयोग उपलब्ध गराउनेछ ।

(३) विद्युतीकरणको लागि प्रदेश सरकार तथा स्थानीय तहले विद्युत रोयल्टी वापत प्राप्त रकम समेत उपयोग गर्न सक्नेछ ।

## परिच्छेद-३
## प्रतिस्पर्धा सम्बन्धी व्यवस्था

५. प्रतिस्पर्धा गर्नुपर्ने: (१) विद्युत उत्पादन आयोजनाको विकास तथा सञ्चालन प्रतिस्पर्धाको आधारमा गर्नुपर्नेछ।

(२) विद्युतको प्रसारण, वितरण, व्यापार वा ग्राहक सेवाको विकास तथा सञ्चालन समेत प्रतिस्पर्धाको आधारमा गर्न सकिनेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको विद्युत आयोजना प्रतिस्पर्धा नगराई विकास तथा सञ्चालन गर्न सकिनेछः-

(क) यो ऐन प्रारम्भ हुनु अघि सर्वेक्षण अनुमतिपत्र प्राप्त संस्थाले त्यस्तो अनुमतिपत्रको अवधिभित्रै विद्युत उत्पादन अनुमतिपत्रको लागि यस ऐन बमोजिम निवेदन दिएको विद्युत आयोजना,

तर सर्वेक्षण अनुमतिपत्रको अवधिभित्र यस ऐन वमोजिम विद्युत उत्पादन अनुमतिपत्रको लागि निवेदन दिएका तर त्यस्तो निवेदनसाथ पेश गर्नुपर्ने आयोजनाको अध्ययन प्रतिवेदन, वातावरणीय अध्ययन प्रतिवेदन, आयोजना सञ्चालन विधि, वित्तीय व्यवस्थापन सम्बन्धी कागजात लगायतका आवश्यक विवरण तोकिएको समयभित्र पेश गर्न नसकेका आयोजनाको हकमा सर्वेक्षण अनुमतिपत्र खारेज गरी त्यस्तो आयोजना उपदफा (१) वमोजिम प्रतिस्पर्धाको माध्यमवाट विकास तथा सञ्चालन गरिनेछ ।

(ख) नेपाल सरकार वा नेपाल सरकारको एकाउन्न प्रतिशत वा सोभन्दा बढी स्वामित्व भएको संस्था, निकाय वा सङ्गठित संस्थाले विकास तथा सञ्चालन गर्ने भनी नेपाल सरकारले तोकेको विद्युत आयोजना,

(ग) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले एकल वा संयुक्त लगानीमा विकास तथा सञ्चालन गर्ने भनी सम्वन्धित तहको सरकारले निर्णय गरेका विद्युत आयोजना,

(घ) क्याप्टिभ उत्पादन तथा सहउत्पादन विद्युत आयोजना,

(ङ) दफा ५६ बमोजिम विकास तथा सञ्चालन गरिने विद्युत आयोजना ।

६. विद्युत खरिद सम्वन्धी प्रतिस्पर्धा: (१) यो ऐन प्रारम्भ हुनु अघि विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र दिइएका वा यस ऐन वमोजिम छनौट भएका विद्युत आयोजनाबाट उत्पादित विद्युतमध्ये स्वदेशमा खपत हुने विद्युतको हकमा विद्युत वितरण संस्थाले विद्युत खरिद दरमा प्रतिस्पर्धा गराई विद्युत खरिद गर्नु पर्नेछ।

(२) विद्युत उत्पादन अनुमतिपत्र प्राप्त गरिसकेका आयोजनाको हकमा समेत आयोजनाले चाहेमा त्यस्तो विद्युत खरिद दरमा प्रतिस्पर्धामा भाग लिन पाउनेछ ।

गर्नुपर्नेछ ।

७. <u>प्रतिस्पर्धाका आधार</u>: (१) दफा ५ को उपदफा (१) बमोजिम प्रतिस्पर्धाको माध्यमबाट विद्युत आयोजनाको विकास तथा सञ्चालनका लागि प्रस्तावक छनौट गर्दा देहाय बमोजिमका प्राविधिक तथा आर्थिक आधार लिइनेछ:-

(क) <u>प्राविधिक आधार</u>

(१) वित्तीय क्षमता,

(२) प्राविधिक तथा व्यावसायिक क्षमता,

(३) सम्बन्धित क्षेत्रको अनुभव तथा योग्यता।

(ख) <u>आर्थिक आधार</u>

(१) नि:शुल्क दिइने शेयर,

(२) नि:शुल्क दिइने विद्युत ऊर्जा,

(३) एकमुष्ठ अग्रिम राजश्व रकम,

(४) वार्षिक किस्ताबन्दी रुपमा (एन्युटी बेशिस) गरिने भुक्तानी रकम, वा

(५) विद्युतको महसूल दर ।

(२) उपदफा (१) का अतिरिक्त दफा १० बमोजिम प्रस्ताव आह्वान गर्न प्रकाशित सार्वजनिक सूचनामा उल्लिखित विवरणलाई समेत प्रतिस्पर्धाको आधारको रुपमा लिइनेछ।

८. <u>विद्युत आयोजनाको सूची</u>: (१) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले एकआपसमा समन्वय गरी आफ्नो क्षेत्राधिकारभित्रका विद्युत आयोजनाको सम्भाव्यता अध्ययन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अध्ययन गरिएका विद्युत आयोजनामध्ये चरणबद्ध रुपमा विकास गर्नुपर्ने आयोजनाको लाभ, लागत, जोखिम, वातावरणीय प्रभाव तथा तोकिए बमोजिमका अन्य विवरण समेतका आधारमा प्राथमिकताक्रम सहितको सूची तयार गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको सूची नेपाल सरकारको हकमा ऊर्जा आयोगले र प्रदेश वा स्थानीय तहको हकमा तत् तत् प्रदेश वा स्थानीय तहले तयार पार्नेछ।

९. <u>विद्युत आयोजना स्वीकृत गराउनु पर्ने</u>: (१) दफा ८ बमोजिम प्राथमिकताक्रम सहित सूचीकृत गरिएका विद्युत आयोजना कार्यान्वयन गर्ने सम्बन्धमा नेपाल सरकारको हकमा दफा ४३ बमोजिमको निर्देशक समितिबाट र प्रदेश तथा स्थानीय तहको हकमा सम्बन्धित प्रदेश तथा स्थानीय तहको कानून बमोजिमको निकायबाट स्वीकृत गराउनु पर्नेछ ।

(२) राष्ट्रिय प्रसारण ग्रिडमा आबद्ध हुने विद्युत आयोजनाको लागि प्रतिस्पर्धाको माध्यमबाट प्रस्ताव आह्वान गर्नु अघि विद्युत प्रसारणको सुनिश्चितताको लागि राष्ट्रिय ग्रिड सञ्चालन तथा व्यवस्थापन गर्ने निकायको स्वीकृति लिनु पर्नेछ ।

१०. <u>प्रस्ताव आह्वान गर्ने</u>: (१) दफा ९ बमोजिम स्वीकृत विद्युत आयोजनाको कार्यान्वयनका लागि नेपाल सरकारको हकमा विभाग र प्रदेश तथा स्थानीय तहको हकमा सम्बन्धित प्रदेश तथा स्थानीय तहको कानून बमोजिमको निकायले राष्ट्रियस्तरका दैनिक पत्रिका र आफ्नो वेभसाइटमा समेत सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचनामा देहायका विवरण खुलाउनु पर्नेछ:-

(घ) प्रस्तावकको कार्य अनुभव,

(ङ) प्राविधिक तथा आर्थिक प्रस्ताव,

(च) आवश्यकता अनुसार विद्युत खरिद सम्झौता र आयोजना विकास सम्झौताको नमुना,

(छ) तोकिए बमोजिमको जमानत।

(३) उपदफा (१) को खण्ड (ङ) बमोजिमको प्राविधिक तथा आर्थिक प्रस्ताव अलग अलग खाममा राखी सिलबन्दी गरी प्रत्येक खामको बाहिर कुन प्रकारको प्रस्ताव हो स्पष्टरुपले उल्लेख गरी दुवै प्रस्तावलाई अर्को छुट्टै खामबन्दी गरी प्रस्ताव आह्वान गरिएको विषय उल्लेख गर्नुपर्नेछ ।

(४) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्न चाहने प्रस्तावकले तोकिए बमोजिमका अन्य विवरणहरु खुलाई सूचनामा उल्लिखित अवधिभित्र सम्बन्धित निकायमा प्रस्ताव पेश गर्नु पर्नेछ।

११. <u>प्रस्तावको मूल्याङ्कन:</u> (१) दफा १० बमोजिम आह्वान गरिएको प्रस्तावको मूल्याङ्कन गर्न नेपाल सरकारको हकमा तोकिए बमोजिमको मूल्याङ्कन समितिले र प्रदेश तथा स्थानीय तहको हकमा सम्बन्धित प्रदेश तथा स्थानीय तहको कानून बमोजिम तोकिएको अवधिभित्र प्रस्तावको मूल्याङ्कन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको मूल्याङ्कन समितिले प्रस्ताव दाखिला गर्ने अन्तिम म्याद समाप्त भएपछि प्रस्तावकबाट प्राप्त प्रस्तावको बाहिरी खाम खोली प्राविधिक र आर्थिक प्रस्तावका सिलबन्दी खाम छुट्याउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम छुट्याईएका खामहरुमध्ये पहिले प्राविधिक प्रस्ताव खोल्नु पर्नेछ र आर्थिक प्रस्तावको खाम नखोली सुरक्षितसाथ छुट्टै राख्नु पर्नेछ ।

(४) प्राविधिक प्रस्तावको मूल्याङ्कन गर्दा त्यस्तो मूल्याङ्कनबाट योग्य ठहरिएका प्रस्तावकको मात्र आर्थिक प्रस्ताव खोली दफा ७ मा उल्लिखित आधारमा प्रस्तावको मूल्याङ्कन गर्नुपर्नेछ ।

(५) मूल्याङ्कन समितिले योग्य ठहर्याएका प्रस्तावकमध्ये समग्रमा सरकारलाई सबैभन्दा बढी आर्थिक लाभ दिन प्रस्ताव गर्ने प्रस्तावकलाई आयोजना विकास तथा सञ्चालनका लागि नेपाल सरकारको हकमा विभागसमक्ष र प्रदेश तथा स्थानीय तहको हकमा सम्बन्धित प्रदेश तथा स्थानीय तहको कानून बमोजिमको निकाय समक्ष छनौटका लागि सिफारिस गर्नुपर्नेछ ।

(६) उपदफा (५) बमोजिम सिफारिस गर्दा विदेशी लगानीकर्ताको समेत प्रस्ताव पेश भएको उत्पादन आयोजनाको हकमा त्यस्तो विदेशी लगानीकर्ताले आर्थिक प्रस्तावमा नेपाल सरकारलाई बुझाउन कबोल गरेको समग्र लाभभन्दा स्वदेशी लगानीकर्ताले कबोल गरेको समग्र

स्पष्टीकरण: यस उपदफाको प्रयोजनको लागि "स्वदेशी लगानीकर्ता" भन्नाले नेपाल सरकारलाई आयोजना हस्तान्तरण गर्ने समयसम्म त्यस्तो संस्थाको एकाउन्न प्रतिशतभन्दा बढी शेयरमा नेपाली नागरिकको लगानी रहेको संस्था सम्झनु पर्छ ।

१२. प्रस्ताव छनौट तथा सम्झौता: (१) दफा ११ को उपदफा (५) बमोजिमको सिफारिसको आधारमा नेपाल सरकारको हकमा विभागले र प्रदेश तथा स्थानीय तहको हकमा सम्वन्धित प्रदेश तथा स्थानीय तहको कानून बमोजिमको निकायले प्रस्ताव छनौट गर्नेछ ।

(२) उपदफा (१) बमोजिम छनौट भएको प्रस्तावकले चाहेमा सम्झौताको मस्यौदा बमोजिम वार्ता गरी आयोजना विकास सम्झौता गरिनेछ ।

(३) यस दफा बमोजिम प्रस्ताव छनौट तथा सम्झौता गर्ने सम्वन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

१३. वार्ताद्वारा विद्युत आयोजना कार्यान्वयन गर्न सक्ने: (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कम्तीमा दुई पटकसम्म प्रस्ताव आह्वान गर्दा समेत विद्युत उत्पादन आयोजनाको लागि प्रस्ताव पेश हुन नसकेका विद्युत उत्पादन आयोजना देहायको कुनै कारणले वार्ताद्वारा कार्यान्वयन गर्न उपयुक्त देखिएमा त्यस्तो विद्युत आयोजना दफा १० को उपदफा (१) बमोजिमको निकायले तोकिए बमोजिमको प्रक्रिया पूरा गरी सोझै वार्ताद्वारा सम्झौता गरी कार्यान्वयन गराउन सक्नेछः-

(क) विद्युत आयोजनाको लागतको कारण आर्थिक तथा प्राविधिक रुपमा प्रतिस्पर्धा हुन सक्ने सम्भावना नभएको आयोजना,

(ख) हरित हाइड्रोजन जस्ता नयाँ अवधारणा वा प्रविधि समावेश भएको आयोजना ।

(ग) यस ऐन बमोजिमको अन्य कार्यविधि अवलम्बन गर्न उपयुक्त नदेखिएको आयोजना ।

(२) उपदफा (१) बमोजिमको कुनै विद्युत आयोजना वार्ताद्वारा कार्यान्वयन गर्न चाहने प्रस्तावकले तोकिएका विषयहरु खुलाई सम्वन्धित निकाय समक्ष प्रस्ताव पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रस्तावलाई तोकिए बमोजिम विस्तृत मूल्याङ्कन गरी सम्वन्धित निकायले वार्ताद्वारा विद्युत आयोजना कार्यान्वयन गर्न स्वीकृती दिन सक्नेछ।

## परिच्छेद-४

## अनुमतिपत्र सम्वन्धी व्यवस्था

१४. अनुमतिपत्र लिनुपर्ने: (१) यस ऐन बमोजिम अनुमतिपत्र नलिई विद्युत आयोजनाको विकास तथा सञ्चालन गर्नु हुदैन।

(२) विद्युत उत्पादन, प्रसारण, वितरण, व्यापार वा ग्राहक सेवाको लागि कुनै संस्था वा दफा १३ को उपदफा (१) बमोजिम सम्झौता भएको संस्थाले अनुमतिपत्र लिन चाहेमा अनुमतिपत्र प्रदान गर्ने अधिकारी समक्ष निवेदन दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुमतिपत्रको लागि निवेदन दिंदा तोकिए बमोजिमको निवेदन दस्तुर सहित देहायका कागजात तथा विवरण पेश गर्नु पर्नेछः-

(क) विद्युत आयोजनाको विकास तथा सञ्चालन गर्न आवश्यक पर्ने अनुमानित पूँजी,

(घ) वातावरणीय अध्ययन प्रतिवेदन,

(ङ) आयोजना सञ्चालन विधि,

(च) तोकिए बमोजिमको कार्यसम्पादन जमानत,

(छ) वित्तीय व्यवस्थापन सम्वन्धी कागजात लगायतका आवश्यक विवरण ।

१५. अनुमतिपत्र दिनुपर्ने: (१) अनुमतिपत्र प्रदान गर्ने अधिकारीले दफा १४ बमोजिम पेश भएको निवेदन र सोसाथ संलग्न कागजात तथा विवरण जाँचवुझ गर्दा अनुमतिपत्र दिन उपयुक्त देखेमा निवेदन पेश भएको मितिले साठी दिनभित्र तोकिए वमोजिमको दस्तुर लिई अनुमतिपत्र दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र दिनुअघि सरोकारवालाहरुको राय सुझावको लागि आयोजनाको संक्षिप्त विवरण सहितको पन्ध्र दिनको सार्वजनिक सूचना राष्ट्रियस्तरको पत्रिकामा प्रकाशित गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको अनुमतिपत्रमा त्यस्तो अनुमतिपत्र प्राप्त संस्थाले पालना गर्नुपर्ने शर्त समेत तोकिनेछ ।

(४) उपदफा (१) बमोजिम अनुमतिपत्र प्रदान गर्ने अधिकारीले अनुमतिपत्र दिएको सात दिनभित्र त्यस्तो अनुमतिपत्र दिएको विषय सम्वन्धमा सरकारका तीनै तहवीच एक आपसमा जानकारी गराउनु पर्नेछ र त्यस्तो आयोजना सम्वन्धी विवरण अद्यावधिक गरी विभाग र सम्वन्धित प्रदेश तथा स्थानीय तहले आफ्नो वेभसाइटमा प्रकाशन गर्नु पर्नेछ ।

(५) उपदफा (१) वमोजिमको निवेदन जाँचवुझ गर्दा त्यस्तो निवेदन वमोजिम अनुमतिपत्र प्रदान गर्न नमिल्ने भएमा सोको आधार र कारण खोली निवेदन पेश भएको साठी दिनभित्र निर्णय गरी सोको जानकारी सम्वन्धित निवेदकलाई दिनु पर्नेछ ।

(६) उपदफा (५) वमोजिम भएको निर्णय उपर चित्त नवुझ्ने पक्षले सोको जानकारी पाएको मितिले एक्काईस दिनभित्र अनुमतिपत्र दिने अधिकारीभन्दा एक तह माथिको अधिकारी समक्ष पुनरावेदन गर्न सक्नेछ ।

१६. अनुमतिपत्र प्रदान गर्ने अधिकार : (१) दफा ३ को उपदफा (१) वमोजिम विद्युत आयोजनाको विकास तथा सञ्चालनको लागि अनुमतिपत्र प्रदान गर्ने अधिकार देहाय वमोजिमका अधिकारीलाई हुनेछः-

(क) खण्ड (क) को हकमा सम्वन्धित स्थानीय तहले तोकेको अधिकारी,

(ख) खण्ड (ख) र (ग) को हकमा सम्वन्धित प्रदेश सरकारले तोकेको अधिकारी, र

(ग) खण्ड (घ), (ङ) र (च) को हकमा मन्त्रालयको सचिव ।

(२) उपदफा (१) वमोजिम अनुमतिपत्र प्रदान गर्दा विद्युत उत्पादनको स्रोत र आयोजना क्षेत्र दोहोरो पर्ने गरी विद्युत उत्पादन अनुमतिपत्र प्रदान गरिने छैन ।

तर प्राविधिक प्रतिवेदनको आधारमा विद्युत उत्पादनमा असर नपर्ने देखिएमा आयोजना क्षेत्रको केही भाग दोहोरो पर्ने भए पनि अनुमतिपत्र प्रदान गर्न बाधा पर्ने छैन ।

(३) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले आफ्नो अधिकार वमोजिम विद्युत उत्पादन अनुमतिपत्र प्रदान गर्नु अघि विद्युत उत्पादनको स्रोत र आयोजना क्षेत्र, गुरुयोजनामा पहिचान भएका र अनुमतिपत्र प्राप्त अन्य आयोजनासँग दोहोरो नपर्ने कुरा सुनिश्चित गर्न सरकारका तीन तह वीच एकआपसमा आवश्यक समन्वय र परामर्श गर्नु पर्नेछ ।

स्थानीय तहको कानून र खण्ड (ख) का हकमा प्रदेश कानून बमोजिम हुनेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश र स्थानीय तहको कानून नबनेसम्मका लागि मन्त्रालयले यस दफा बमोजिमको अधिकार प्रयोग गर्न सक्नेछ ।

१७. वहुउद्देश्यीय वा जलाशययुक्त आयोजना सम्वन्धी विशेष व्यवस्थाः (१) बहुउद्देश्यीय वा जलाशययुक्त आयोजनाको हकमा बाँध निर्माण, व्यवस्थापन तथा सञ्चालन र त्यसबाट विद्युत उत्पादन गर्न अलग अलग संस्थालाई अनुमतिपत्र प्रदान गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र प्रदान गर्दा त्यस्ता संस्थाको सहमतिमा एकै साथ अनुमतिपत्र प्रदान गरिनेछ ।

(३) उपदफा (१) बमोजिम अनुमतिपत्र प्राप्त गर्नु अघि वहुउद्देश्यीय वा जलाशययुक्त आयोजनाको बाँध निर्माण, व्यवस्थापन तथा सञ्चालन र त्यसबाट विद्युत उत्पादन गर्ने संस्थाले आफूहरु विच आयोजनाको विकास तथा सञ्चालन सम्वन्धमा भएको सम्झौता पेश गर्नु पर्नेछ।

(४) कुनै नदी वेसिनको माथिल्लो भागमा जलाशययुक्त आयोजनाको निर्माणको कारणले तल्लो भागमा अवस्थित जलविद्युत आयोजनाको लागि थप पानी उपलब्धताको आधारमा सिर्जना हुने अतिरिक्त लाभ नेपाल सरकार, प्रदेश सरकार वा स्थानिय तहलाई पचास प्रतिशत, अनुमतिपत्र प्राप्त संस्थालाई पच्चीस प्रतिशत र माथिल्लो भागमा अवस्थित जलाशययुक्त आयोजनाको अनुमतिपत्र प्राप्त संस्थालाई पच्चीस प्रतिशतका दरले बाँडफाँड गर्नु पर्नेछ ।

१८. एकभन्दा बढी कार्यको लागि अनुमतिपत्र नदिइने : (१) विद्युत आयोजनाको विकास तथा सञ्चालनको लागि एउटै संस्थालाई एकभन्दा बढी कार्यको लागि अनुमतिपत्र प्रदान गरिने छैन ।

स्पष्टीकरणः यस उपदफाको प्रयोजनको लागि "कार्य" भन्नाले विद्युत उत्पादन, प्रसारण वा वितरण सम्वन्धी कार्य सम्झनु पर्छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा एउटै संस्थालाई आवश्यकता र औचित्यको आधारमा एकभन्दा बढी कार्यको लागि अनुमतिपत्र दिन सकिनेछः-

(क) राष्ट्रिय प्रसारण ग्रिड नपुगेको क्षेत्रमा विद्युत उत्पादन गरी त्यस्तो क्षेत्रमा विद्युत वितरण गर्न,

(ख) राष्ट्रिय प्रसारण ग्रिड पुगेको भए तापनि त्यस्तो ग्रिड मार्फत विद्युत आपूर्ति गर्न भारवहन क्षमता तथा अन्य प्राविधिक कारणले सम्भव नभएमा ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दुई वा दुईभन्दा बढी विद्युत उत्पादन अनुमतिपत्र प्राप्त संस्थाले आफूले उत्पादन गरेको विद्युत राष्ट्रिय प्रसारणमा जोडिने विन्दुसम्मको प्रसारण लाइन संयुक्त रुपमा वनाउन चाहेमा ती संस्थाहरु वीच सो कार्यका लागि भएको समझदारीपत्र समेत राखी निवेदन दिएमा प्रसारण लाइनको अनुमति प्रदान गर्न सकिनेछ ।

(४) यो ऐन प्रारम्भ हुँदाका वखत कुनै एउटै संस्थाले विद्युत उत्पादन, प्रसारण तथा वितरण समेतको कार्य गरिरहेको भए पाँचवर्ष भित्र त्यस्तो संस्थाले विद्युत उत्पादन, प्रसारण तथा वितरणको लागि अलग अलग संस्था गठन गर्नु पर्नेछ ।

NEA

१९. अनुमतिपत्रको अवधि : (१) यस ऐन वमोजिम दिइने अनुमतिपत्रको अवधि देहाय वमोजिम हुनेछः-

जलविद्युत आयोजनाको हकमा पैंतालीस वर्षसम्म,

(ख) जलस्रोत बाहेक अन्य स्रोतबाट विद्युत उत्पादन गर्ने पच्चीस वर्ष,

(ग) विद्युत प्रसारण, वितरण र व्यापार गर्ने पच्चीस वर्ष,

(घ) ग्राहक सेवाको लागि पाँच वर्ष ।

(२) उपदफा (१) को खण्ड (क) मा उल्लिखित आयोजनाबाट उत्पादित विद्युत सोझै विदेशी बजारमा निर्यात गर्ने गरी प्रस्ताव गरिएको भएमा जलाशययुक्त आयोजनाको हकमा चालीस वर्ष र अन्य प्रकृतिको जलविद्युत आयोजनाको हकमा पैंतीस वर्षको विद्युत उत्पादन अनुमतिपत्र प्रदान गरिनेछ ।

(३) उपदफा (१) को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि तोकिए बमोजिमको काबु बाहिरको परिस्थिति सृजना भई विद्युत आयोजनाको विकास तथा सञ्चालनमा बाधा अवरोध उत्पन्न भएमा त्यस्तो आयोजनाको लाभ, लागत, बीमा, क्षति र जोखिम समेतको मूल्याङ्कन गरी विद्युत उत्पादन अनुमतिपत्रको अवधि बढीमा पाँच वर्षसम्म थप गर्न सकिनेछ ।

(४) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्युत उत्पादन अनुमतिपत्र प्राप्त संस्थाले दफा १८ को उपदफा (२) बमोजिम प्रसारण तथा वितरण अनुमतिपत्र समेत प्राप्त गर्ने भएमा त्यस्तो प्रसारण तथा वितरण अनुमतिपत्रको अवधिलाई विद्युत उत्पादन अनुमतिपत्रको अवधिसम्म कायम गरिनेछ ।

(५) यो ऐन प्रारम्भ हुनुअघि अवधि तोकी जारी गरिएको अनुमतिपत्रको हकमा सोही अनुमतिपत्रमा उल्लिखित अवधि र आयोजना विकास सम्झौता भएका आयोजनाको हकमा सोही सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

२०. <u>अनुमतिपत्रको नवीकरण</u>: (१) अनुमतिपत्रमा उल्लिखित शर्तको प्रभावकारी रुपमा पालना गरेको देखिएमा त्यस्ता अनुमतिपत्र प्राप्त संस्थाको विद्युत व्यापारको अनुमतिपत्र भए पच्चीस वर्ष र ग्राहक सेवाको अनुमतिपत्र भए पाँच वर्षसम्मको लागि तोकिए बमोजिमको दस्तुर लिई सम्बन्धित अनुमतिपत्र प्रदान गर्ने अधिकारीले नवीकरण गर्न सक्नेछ ।

(२) यो ऐन प्रारम्भ हुनु अघि कसैले पाँच वर्षभन्दा कम अवधिको लागि सर्वेक्षण अनुमतिपत्र प्राप्त गरेको भए कार्य प्रगतिको आधारमा त्यस्तो सर्वेक्षण अनुमति दिएको मितिले बढीमा पाँच वर्षसम्मको लागि त्यस्तो अनुमतिपत्र नवीकरण हुन सक्नेछ ।

२१. <u>आदेश दिन सक्ने</u>: (१) अनुमतिपत्र प्राप्त संस्थाले अनुमतिपत्रमा उल्लिखित अवधिभित्र विद्युत आयोजना सम्पन्न नगरेमा वा काम सम्पन्न गर्न ढिलाइ गरेमा, अनुमतिपत्रमा उल्लिखित शर्त अनुरुपको काम नगरेमा वा यस ऐन विपरीत हुने कुनै काम गरेमा अनुमतिपत्र प्रदान गर्ने अधिकारीले त्यस्तो काममा आवश्यक सुधार गर्न अवधि तोकी सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थालाई आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको आदेशको पालना गर्नु त्यस्तो अनुमतिपत्र प्राप्त संस्थाको कर्तव्य हुनेछ ।

२२. <u>अनुमतिपत्र खारेज गर्न सक्ने</u>: (१) अनुमतिपत्र प्रदान गर्ने अधिकारीले देहायको अवस्थामा अनुमतिपत्र प्राप्त संस्थाको अनुमतिपत्र खारेज गर्न सक्नेछ:-

(क) यो ऐन वा प्रचलित कानून बमोजिम सम्पन्न गर्नु पर्ने कार्य अनुमतिपत्रमा तोकेको

सुधार नगरेमा वा त्यस्तो आदेशको पटक पटक उल्लङ्घन गरेमा, वा

(ग) अनुमतिपत्रमा उल्लिखित शर्तको पटक पटक उल्लङ्घन गरेमा ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र खारेज गर्नु अघि अनुमतिपत्र प्रदान गर्ने अधिकारीले सम्वन्धित अनुमतिपत्र प्राप्त संस्थालाई आफ्नो सफाइ पेश गर्ने उचित मौका दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम अनुमतिपत्र प्राप्त संस्थाले दिएको जवाफ समेतलाई विचार गरी अनुमतिपत्र खारेज गर्नुपर्ने स्पष्ट र वस्तुनिष्ठ आधार देखिएमा अनुमतिपत्र प्रदान गर्ने अधिकारीले त्यस्तो अनुमतिपत्र खारेज गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम अनुमतिपत्र प्राप्त संस्थाको अनुमतिपत्र खारेज गरेमा त्यस्तो संस्थाले दफा १४ को उपदफा (३) को खण्ड (च) बमोजिम पेश गरेको कार्यसम्पादन जमानत जफत गर्नु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम अनुमतिपत्र खारेज गरिएमा त्यसरी खारेज गर्नु पर्ने कारण र आधार खुलाई सोको लिखित जानकारी सम्वन्धित पक्षलाई दिनुपर्नेछ।

२३. स्वामित्व हस्तान्तरण तथा सञ्चालनः (१) अनुमतिपत्र प्राप्त संस्थाले अनुमतिपत्रको अवधि समाप्त भएपछि जुन तहको सरकारबाट अनुमतिपत्र जारी भएको हो सोही तहको सरकार वा सोही तहको सरकारले तोकेको निकायलाई देहाय वमोजिमको संरचना चालू अवस्थामा निःशुल्क हस्तान्तरण गर्नु पर्नेछः-

(क) जलविद्युत उत्पादन केन्द्र र सोसँग सम्वन्धित सम्पूर्ण जग्गा, अचल सम्पति तथा संरचना,

(ख) विद्युत प्रसारण तथा वितरण लाईन, वितरण प्रणाली र सोसँग सम्वन्धित संरचना ।

(२) उपदफा (१) वमोजिम विद्युत आयोजना तथा संरचना हस्तान्तरण गर्नु भन्दा कम्तीमा एक वर्ष अगावै हस्तान्तरण योजना वनाई सम्वन्धित निकायका कर्मचारीलाई त्यस्तो विद्युत आयोजना र संरचनाको सञ्चालन तथा मर्मत सम्भारमा संलग्न गराई आवश्यक सीप र प्रविधि समेत हस्तान्तरण गर्नुपर्नेछ।

(३) अनुमतिपत्र प्राप्त संस्थाले उपदफा (१) वमोजिम स्वामित्व हस्तान्तरण भई आएको जलविद्युत केन्द्र, प्रसारण तथा वितरण लाइन वा वितरण प्रणालीको सञ्चालन तथा व्यवस्थापन जुन तहको सरकारबाट अनुमतिपत्र जारी भएको हो सोही तहको सरकारले गर्ने वा गराउनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रतिस्पर्धाको माध्यमबाट कुनै संगठित संस्था छनौट गरी त्यस्तो संस्थावाट जलविद्युत उत्पादन केन्द्र, प्रसारण तथा वितरण लाईन वा वितरण प्रणालीको सञ्चालन तथा व्यवस्थापन गर्न सकिनेछ ।

(५) उपदफा (४) वमोजिम प्रतिस्पर्धाको माध्यमबाट संस्था छनौट हुन नसकेमा साविक अनुमतिपत्र प्राप्त संस्थासँग लाभ, लागत तथा सञ्चालन खर्चको आधारमा सम्झौता गरी सञ्चालन तथा व्यवस्थापन गर्न सकिनेछ ।

अनुमतिपत्रको अवधि समाप्त भएपछि विद्युत उत्पादन संरचनाको व्यवस्थापन गर्ने जिम्मेवारी तथा दायित्व सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थाको हुनेछ ।

२४. <u>क्याप्टिभ तथा सहउत्पादन</u>: (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि क्याप्टिभ उत्पादन तथा सहउत्पादनको लागि दफा १६ वमोजिमको अधिकारीवाट अनुमतिपत्र लिनु पर्नेछ।

(२) क्याप्टिभ उत्पादन तथा सहउत्पादन भएको विद्युत आन्तरिक उपयोग गरी बचत हुने भएमा त्यस्तो क्याप्टिभ उत्पादन वा सहउत्पादनको हिस्सा त्यस्तो संस्था, उद्योग, फर्म वा कम्पनीले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा वितरण वा व्यापार अनुमतिपत्र प्राप्त संस्थालाई विक्री गर्न सक्नेछ ।

(३) यस दफा वमोजिम क्याप्टिभ तथा सहउत्पादन गर्ने संस्था, उद्योग, फर्म वा कम्पनीले अनुमतिपत्र प्रदान गर्ने अधिकारीलाई आयोजना सम्वन्धी विवरण उपलब्ध गराउनु पर्नेछ ।

(४) उपदफा (१) वमोजिमको क्याप्टिभ तथा सहउत्पादन अनुमतिपत्रको अवधि त्यस्तो क्याप्टिभ तथा सहउत्पादन गर्ने संस्था, उद्योग, फर्म वा कम्पनी सञ्चालन रहेसम्मको लागि कायम हुनेछ ।

२५. <u>उत्पादन अनुमतिपत्र प्राप्त संस्थाको जिम्मेवारी</u>: (१) यो ऐन वा यस ऐन अन्तर्गत वनेको नियम तथा अनुमतिपत्रमा उल्लिखित शर्तको अधीनमा रही संरचनाको निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्ने जिम्मेवारी विद्युत उत्पादन अनुमतिपत्र प्राप्त संस्थाको हुनेछ ।

(२) विद्युत उत्पादन अनुमतिपत्र प्राप्त संस्थाले जलस्रोतवाट विद्युत उत्पादन गर्ने भएमा वाँध लगायतका महत्वपूर्ण संरचना उपयुक्त स्थानमा रहने र जलस्रोतको अधिकतम उपयोग हुने कुराको सुनिश्चितता गर्नु पर्नेछ।

(३) विद्युत उत्पादन अनुमतिपत्र प्राप्त संस्थाले वाँधको डिजाईन तथा सुरक्षा सम्बन्धी स्वीकृत मापदण्ड पूर्ण रुपमा पालना गर्नु पर्नेछ ।

(४) विद्युत उत्पादन अनुमतिपत्र प्राप्त संस्थाले देहाय वमोजिमको काम गर्नुपर्नेछ:-

(क) आफूले विकास तथा सञ्चालन गरेको विद्युत आयोजना र सोसँग सम्वन्धित संरचनाको प्राविधिक विवरण तथा जानकारी अनुमतिपत्र प्रदान गर्ने अधिकारी र विभागलाई दिने,

(ख) जलविद्युत उत्पादनको लागि अनुमतिपत्र प्राप्त क्षेत्रमा उपलब्ध पानी र सोको प्रयोग सम्वन्धी तथ्याङ्क राख्ने र सोको जानकारी समय समयमा ऊर्जा आयोग र अनुमतिपत्र प्रदान गर्ने निकायलाई उपलब्ध गराउने,

(ग) राष्ट्रिय प्रसारण ग्रिड सञ्चालन तथा व्यवस्थापन गर्ने निकायसँग आवश्यक समन्वय गर्ने,

(घ) राष्ट्रिय भार प्रेषण केन्द्रसँग आवश्यक समन्वय र परामर्श गर्ने तथा प्राप्त निर्देशन पालना गर्ने,

(ङ) विद्युत उत्पादन केन्द्र तथा सोसँग सम्वन्धित संरचनाहरुको सञ्चालन तथा मर्मत सम्भार सम्वन्धमा आयोगले निर्धारण गरेको मापदण्ड तथा दिएको निर्देशन पालना गर्ने।

(५) विद्युत उत्पादन अनुमतिपत्र प्राप्त संस्थाले उत्पादन गरेको विद्युत राष्ट्रिय प्रसारण ग्रिडमा प्रवाह गर्न राष्ट्रिय प्रसारण ग्रिड सञ्चालन गर्ने निकायवाट स्वीकृति लिनुपर्नेछ ।

## राष्ट्रिय प्रसारण ग्रिड तथा भार प्रेषण

२६. राष्ट्रिय प्रसारण ग्रिडः (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कुनै विद्युत प्रसारण ग्रिडलाई राष्ट्रिय प्रसारण ग्रिडको रुपमा तोक्न सक्नेछ ।

(२) प्रदेश सरकार वा प्रदेश अन्तर्गतका निकायले विकास गरेको प्रदेशको आन्तरिक प्रसारण लाइनलाई राष्ट्रिय प्रसारण ग्रिड तोक्दा सम्बन्धित प्रदेश सरकारसँग समन्वय गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको राष्ट्रिय प्रसारण ग्रिडको सञ्चालन तथा व्यवस्थापन गर्ने कार्य नेपाल सरकारले तोकेको वा स्थापना गरेको निकायले गर्नेछ ।

(४) उपदफा (३) बमोजिमको निकायले सरोकारवाला अनुमतिपत्र प्राप्त संस्थालाई राष्ट्रिय प्रसारण प्रणालीमा तोकिए बमोजिम खुला पहुँच प्रदान गर्नु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम राष्ट्रिय प्रसारण ग्रिड सञ्चालन तथा व्यवस्थापन गर्न नेपाल सरकारले तोकेको वा स्थापना गरेको निकाय विद्युत उत्पादन, वितरण र व्यापारमा प्रत्यक्ष संलग्न हुन पाउने छैन ।

२७. राष्ट्रिय प्रसारण ग्रिड सञ्चालन तथा व्यवस्थापन गर्ने निकायको जिम्मेवारी: (१) राष्ट्रिय प्रसारण ग्रिड सञ्चालन तथा व्यवस्थापन गर्ने निकायको जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) विद्युत प्रसारण योजना तर्जुमा र कार्यान्वयन गर्ने,
(ख) विद्युत प्रसारण लाईन वा प्रणालीको निर्माण, सञ्चालन तथा मर्मत सम्भार गर्ने,
(ग) देशभरका विभिन्न विद्युत उत्पादन केन्द्रहरुवाट उत्पादित विद्युतको सहज प्रवाहको लागि प्रभावकारी र संयोजनात्मक व्यवस्था गर्ने,
(घ) ऊर्जा दक्ष प्रसारण ग्रिडको व्यवस्था गर्ने,
(ङ) राष्ट्रिय प्रसारण ग्रिडवाट प्रवाह वा आपूर्ति भएको विद्युतको अभिलेख राख्ने,
(च) ग्रिड कोड तथा ग्रिड मापदण्डको प्रभावकारी कार्यान्वयन र अनुगमन गर्ने,
(छ) विद्युत प्रसारण प्रणालीको सुपरीवेक्षण तथा नियन्त्रण सम्वन्धी कार्य गर्ने,
(ज) प्रसारण शुल्क लिई अनुमतिपत्र प्राप्त संस्थालाई राष्ट्रिय प्रसारण ग्रिडमा खुँला पहुँच प्रदान गर्ने ।

(२) राष्ट्रिय प्रसारण ग्रिड सञ्चालन तथा व्यवस्थापन गर्ने निकायले विद्युत प्रसारण ग्रिडको सञ्चालन तथा मर्मत सम्भार गर्दा तोकिए बमोजिम प्राविधिक मापदण्ड तथा ग्रिड कोडको पालना गर्नु पर्नेछ ।

२८. राष्ट्रिय प्रसारण ग्रिडमा पहुँच : (१) अनुमतिपत्र प्राप्त संस्थाले उत्पादन गरेको विद्युत राष्ट्रिय प्रसारण ग्रिड मार्फत नेपालभित्र वा वाहिर प्रसारण गर्न सक्नेछ।

(२) राष्ट्रिय प्रसारण ग्रिडमा पहुँचको लागि दफा २६ को उपदफा (३) बमोजिमको राष्ट्रिय प्रसारण ग्रिड सञ्चालन तथा व्यवस्थापन गर्ने निकाय समक्ष तोकिए बमोजिम निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदनको आधारमा राष्ट्रिय प्रसारण ग्रिड सञ्चालन तथा व्यवस्थापन गर्ने निकायले राष्ट्रिय प्रसारण ग्रिडमा पहुँचको स्वीकृति दिनु पर्नेछ।

(४) अनुमतिपत्र प्राप्त संस्थाले उत्पादन गरेको विद्युत राष्ट्रिय प्रसारण ग्रिड मार्फत प्रवाह गरेमा आयोगले निर्धारण गरे बमोजिमको प्रसारण शुल्क तथा अन्य तोकिएको दस्तुर बुझाउनु

(५) कुनै अनुमतिपत्र प्राप्त संस्थाले निर्माण वा सञ्चालन गरेको प्रसारण लाइनमा अन्य कुनै संस्थाले विद्युत प्रसारण गर्न चाहेमा आवश्यक प्रसारण शुल्क तिरी विद्युत प्रसारण सेवा प्राप्त गर्न सक्नेछ ।

२९. राष्ट्रिय भार प्रेषण केन्द्र: (१) नेपाल सरकारले विद्युतको माग र उपलब्धता, प्रसारण लाइनको क्षमता समेतको आधारमा विद्युत प्रणालीको सुरक्षा तथा स्थायित्वको लागि उचित परिमाणमा विद्युत शेड्युलिङ्ग तथा प्रेषण गर्न राष्ट्रिय भार प्रेषण केन्द्र स्थापना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको राष्ट्रिय भार प्रेषण केन्द्रले देहाय बमोजिमको काम गर्नेछः-

(क) विद्युतको भार प्रेषण तथा शेड्युलिङ्ग गर्ने,

(ख) राष्ट्रिय प्रसारण ग्रिडको सुरक्षा र सञ्चालनको अनुगमन तथा निरीक्षण गर्ने,

(ग) राष्ट्रिय प्रसारण ग्रिडबाट प्रवाह वा आपूर्ति भएको विद्युतको लेखाङ्कन गर्ने,

(घ) विद्युतको उत्पादन, माग, खपत, आपूर्ति, आयात-निर्यात र विद्युत व्यापार सम्बन्धी विवरण र अन्य आवश्यक जानकारी मासिक रुपमा मन्त्रालय समक्ष पेश गर्ने,

(ङ) अन्तरदेशीय विद्युत प्रणालीसँग आवद्ध भएको अवस्थामा त्यहाँका सम्बन्धित भार प्रेषण केन्द्रसँग आवश्यक समन्वय गर्ने,

(च) विद्युत प्रणालीको स्थायित्वका लागि विद्युत प्रवाहको नियन्त्रण र सुपरिवेक्षण गर्ने,

(छ) राष्ट्रिय ग्रिडको सञ्चालनमा अधिकतम कार्यदक्षता हासिल गर्न सम्बन्धित निकायहरूसँग समन्वय गर्ने ।

(३) उपदफा (१) बमोजिम राष्ट्रिय भार प्रेषण केन्द्र स्थापना नभएसम्म सो केन्द्रले गर्ने काम नेपाल सरकारले तोकेको निकायले गर्नेछ ।

३०. विद्युत मार्गको अधिकार (राईट अफ वे) कायम हुने : (१) विद्युत प्रसारण तथा वितरण लाईनको विकास र सञ्चालनको लागि त्यस्तो लाईनको केन्द्रविन्दुबाट दायाँ वायाँ दुवैतर्फ तोकिए बमोजिमको दूरीमा विद्युत मार्गको अधिकार (राईट अफ वे) कायम हुनेछ ।

(२) उपदफा (१) बमोजिम विद्युत मार्गको अधिकारभित्र परेको जग्गामा कुनै पनि प्रकारको घर टहरा वा संरचना निर्माण गर्न पाईने छैन ।

तर विद्युत मार्गको अधिकारभित्र पर्ने जग्गाको प्रयोग हुने गरी विद्युत प्रसारण लाईन, राजमार्ग वा विकास निर्माणका अन्य संरचना बनाउनु पर्ने भएमा उपयुक्त प्रविधिको प्रयोग गरी विद्यमान विद्युत प्रसारण लाईनलाई असर नपर्ने गरी निर्माण गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिम विद्युत प्रसारण लाईनको अधिकार क्षेत्र भित्र परेको जग्गा तथा अन्य संरचनाको लागि अनुमतिपत्र प्राप्त संस्थाले तोकिए बमोजिम क्षतिपूर्ति दिनु पर्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि एघार किलोभोल्ट वा सोभन्दा कम क्षमताको वितरण लाईनको विद्युत मार्गको अधिकार अन्तर्गत पर्ने जग्गाको लागि क्षतिपूर्ति दिईने छैन।

## परिच्छेद-६

## विद्युत वितरण तथा ग्राहक सेवा

३१. विद्युत वितरण : (१) यस ऐन बमोजिम वितरण अनुमतिपत्र प्राप्त संस्थाले अनुमतिपत्रमा उल्लिखित क्षेत्रभर सर्वसुलभ रुपमा सबै ग्राहकलाई विद्युत वितरण गर्नु पर्नेछ।

बमोजिम हुनेछः-

(क) विद्युत उत्पादन वा व्यापार अनुमतिपत्र प्राप्त संस्था वा क्याप्टिभ उत्पादक वा सहउत्पादकसँग विद्युत खरिद गरी वितरण गर्ने,

(ख) विद्युत वितरण प्रणालीको निर्माण, सञ्चालन, मर्मत सम्भार तथा व्यवस्थापन गर्ने,

(ग) ग्राहकको माग बमोजिम सुरक्षित, भरपर्दो र गुणस्तरीय विद्युत सेवा उपलब्ध गराउने,

(घ) सुरक्षित विद्युत आपूर्तिको लागि आवश्यक र उपयुक्त उपायहरु अवलम्बन गर्ने,

(ङ) विद्युत सेवा उपलब्ध गराए वापत ग्राहकवाट आयोगले निर्धारण गरे बमोजिमको महसुल उठाउने,

(च) विद्युतको माग व्यवस्थापन गर्ने,

(छ) विद्युतको माग, खपत, आपूर्ति, ग्राहकको विवरण, ऊर्जा दक्षता सम्वन्धी काम कारवाहीको विवरण तथा तथ्याङ्क वार्षिक रुपमा पेश गर्ने ।

(३) विद्युत वितरणको लागि अनुमतिपत्र प्राप्त संस्थाले गरिव, विपन्न तथा सिमान्तकृत व्यक्ति वा परिवारलाई नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले निर्णय गरी तोके बमोजिम विद्युत शुल्क तथा महसूलमा राहत तथा छुट दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिमको राहत तथा छुट वापतको रकम निर्णय गर्ने तहको सरकार वा त्यस्तो सरकारले तोकेको निकायले छ महिनाभित्र विद्युत वितरण संस्थालाई उपलब्ध गराउनु पर्नेछ ।

३२. <u>ग्राहक सेवा</u>: (१) ग्राहक सेवा अनुमतिपत्र प्राप्त संस्थाले उत्पादन वा व्यापार अनुमतिपत्र प्राप्त संस्थासँग विद्युत खरिद गरी वितरण अनुमतिपत्र प्राप्त संस्थाको वितरण प्रणालीको प्रयोगवाट आफ्ना ग्राहकलाई विद्युत सेवा उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्युत वितरण र ग्राहक सेवा अनुमतिपत्र प्राप्त संस्था वीच विद्युत वितरण प्रणालीको प्रयोग र त्यस वापतको शुल्क तथा सो प्रणाली मार्फत ग्राहकलाई विद्युत सेवा उपलब्ध गराउने सम्वन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

३३. <u>विद्युत सेवा वन्द वा कटौती गर्न नहुने</u> : (१) अनुमतिपत्र प्राप्त संस्थाले ग्राहकलाई वितरण वा आपूर्ति गरिरहेको विद्युत सेवा वन्द वा कटौती गर्न हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा सम्भव भएसम्म पूर्व सूचना दिई विद्युत सेवा वन्द वा कटौती गर्न सकिनेछः-

(क) कुनै ग्राहकले कानून वमोजिम तिर्नु वुझाउनु पर्ने विद्युत महसुल वा शुल्क नतिरे वा नवुझाएमा,

(ख) विद्युत ग्रिड वा लाईन मर्मत सम्भार गर्न वा अन्य प्राविधिक काम गर्नु परेमा,

(ग) वाढी, पहिरो, आगलागी, भूकम्प, चटयाङ, विपद् वा कावू वाहिरको अन्य कुनै असाधारण परिस्थिति उत्पन्न भएमा,

(घ) कुनै ग्राहकले अनधिकृत तवरले विद्युत उपभोग गरेमा वा शर्त विपरीत विद्युत

३४. <u>विद्युत व्यापार</u> : (१) यस ऐनको अधीनमा रही व्यापार अनुमतिपत्र प्राप्त संस्थाले विद्युतको व्यापार गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुमतिपत्र प्राप्त संस्थाले देहाय बमोजिमको काम गर्न सक्नेछः-

(क) विद्युत उत्पादन अनुमतिपत्र प्राप्त संस्थाले उत्पादन गरेको विद्युत पूर्ण वा आंशिक रुपमा खरिद गर्ने,

(ख) व्यापार अनुमतिपत्र प्राप्त संस्थाहरु बीच आपसमा विद्युत खरिद बिक्री गर्ने,

(ग) आफूले खरिद गरेको विद्युत थोक वा खुद्रा रुपमा बिक्री गर्ने,

(घ) विद्युतको अन्तरदेशीय व्यापार गर्ने ।

(३) उपदफा (१) बमोजिमको अनुमतिपत्र प्राप्त संस्थाले आफूले गरेको विद्युत व्यापार सम्बन्धी कारोबारको वार्षिक विवरण आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र अनुमतिपत्र प्रदान गर्ने अधिकारीसमक्ष पेश गर्नु पर्नेछ ।

३५. <u>अन्तरदेशीय विद्युत व्यापार</u>: (१) विद्युत व्यापार अनुमतिपत्र प्राप्त संस्थाले अन्तरदेशीय विद्युत व्यापार गर्न मन्त्रालयवाट स्वीकृति लिनु पर्नेछ ।

तर विद्युत उत्पादनको अनुमतिपत्रमा नै विद्युत निर्यात गर्न पाउने शर्त उल्लेख भएकोमा सोको लागि छुट्टै स्वीकृति आवश्यक पर्ने छैन ।

(२) उपदफा (१) बमोजिमको अन्तरदेशीय विद्युत व्यापारको लागि स्वीकृति प्रदान गर्दा राष्ट्रिय हित अनुकूल हुने गरी गर्नुपर्नेछ ।

## परिच्छेद-८

## <u>रोयल्टी तथा विद्युत महसुल</u>

३६. <u>रोयल्टी</u> : (१) विद्युत उत्पादन तथा प्रसारण अनुमतिपत्र प्राप्त संस्थाले देहाय बमोजिमको रोयल्टी नेपाल सरकारलाई वुझाउनु पर्नेछ: -

(क) अनुमतिपत्र प्राप्त संस्थाले विद्युतको व्यापारिक उत्पादन शुरु गरेको पन्ध्र वर्षसम्म प्रति जडित किलोवाट वार्षिक एकसय रुपैयाँ जडित क्षमता रोयल्टी र प्रति युनिट (किलोवाट घण्टा) सरदर बिक्री मूल्यको दुई प्रतिशतका दरले हुन आउने उर्जा रोयल्टी वापतको रकम,

(ख) खण्ड (क) मा उल्लिखित अवधिपछि अनुमतिपत्र प्राप्त संस्थाले प्रति जडित किलोवाट वार्षिक एक हजार दुई सय रुपैया जडित क्षमता रोयल्टी र प्रति युनिट (किलोवाट घण्टा) सरदर बिक्री मूल्यको वाह्र प्रतिशतका दरले हुन आउने ऊर्जा रोयल्टी वापतको रकम,

(ग) क्याप्टिभ तथा सहउत्पादन प्रयोजनका लागि स्थापित विद्युत केन्द्रको लागि प्रति जडित किलोवाट वार्षिक दुई सय रुपैयाका दरले हुन आउने क्षमता रोयल्टी वापतको रकम,

(घ) क्याप्टिभ तथा सहउत्पादन प्रयोजनका लागि स्थापित विद्युत केन्द्रबाट वढी भएको विद्युत प्रणालीमा बिक्री गरिएको भएमा प्रति युनिट (किलोवाट घण्टा) सरदर बिक्री मूल्यको वाह्र प्रतिशतका दरले हुन आउने ऊर्जा रोयल्टी वापतको रकम,

वापतको रकम ।

(२) विद्युत उत्पादन अनुमतिपत्र प्राप्त संस्थाले जुन मुद्रामा विद्युत बिक्री गरेको हो सोही मुद्रामा उपदफा (१) बमोजिमको रोयल्टी बुझाउनु पर्नेछ ।

(३) प्रदेश वा स्थानीय तहबाट अनुमतिपत्र लिएको अनुमतिपत्र प्राप्त संस्थाले रोयल्टी वापतको रकम प्रचलित कानून बमोजिमको सङ्घीय विभाज्य कोषमा जम्मा गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको रोयल्टी तोकिएको समयभित्र बुझाउनु पर्नेछ । यसरी तोकिएको समयभित्र रोयल्टी नबुझाएमा प्रचलित कानून बमोजिम असुल गरिनेछ ।

३७. असुल गर्ने: विद्युत सेवा उपयोग गरे वापतको महसुल, सेवा शुल्क तथा जरिबानाको रकम नबुझाउने ग्राहकबाट अनुमतिपत्र प्राप्त संस्थाले त्यस्तो रकम प्रचलित कानून बमोजिम असुल गर्न सक्नेछ।

## परिच्छेद-९
## घर जग्गा प्राप्ति तथा वातावरण संरक्षण

३८. घर जग्गा प्राप्ति: (१) अनुमतिपत्र प्राप्त संस्थाले अनुमतिपत्रमा उल्लिखित कार्य गर्ने प्रयोजनको लागि कसैको घर, जग्गा उपयोग वा प्राप्त गर्न नेपाल सरकारको सहयोग आवश्यक भएमा सोही व्यहोरा उल्लेख गरी नेपाल सरकार समक्ष लिखित अनुरोध गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अनुरोध प्राप्त भएमा नेपाल सरकारले सम्वन्धित तहको सरकारसँग समन्वय गरी सो सम्वन्धमा आवश्यक जाँचवुझ गरी मनासिब देखिएमा अनुमतिपत्र प्राप्त संस्थाले नै आवश्यक मुआब्जा वा क्षतिपूर्ति व्यहोर्ने गरी प्रचलित कानून बमोजिम त्यस्तो घर जग्गा प्राप्त गराई दिन सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारको स्वामित्वमा रहेको जग्गा वा राष्ट्रिय वन क्षेत्रको जग्गा अनुमतिपत्रको अवधिसम्म अनुमतिपत्र प्राप्त संस्थालाई प्रचलित कानून बमोजिम उपलब्ध गराउन सकिनेछ ।

(४) यस दफा बमोजिम अनुमतिपत्र प्राप्त संस्थालाई नेपाल सरकारले घर जग्गा उपलब्ध गराई दिएको कारणबाट सम्वन्धित घरजग्गा धनीलाई पुग्न गएको वास्तविक हानि नोक्सानी वापत अनुमतिपत्र प्राप्त संस्थाले त्यस्तो घरजग्गा धनीलाई प्रचलित कानून बमोजिमको मुआब्जा वा क्षतिपूर्ति दिनु पर्नेछ।

३९. पुनर्स्थापना तथा पुनर्वास: (१) नेपाल सरकारले प्रचलित कानूनको अधीनमा रही कुनै व्यक्तिको घर जग्गा प्राप्त गराई दिएको कारणबाट पूर्ण रुपमा विस्थापित हुने र दफा ३८ को उपदफा (४) बमोजिमको मुआब्जा वा क्षतिपूर्तिबाट समेत त्यस्तो व्यक्तिको आधारभूत बसोबासको व्यवस्था गर्न नपुग हुने अवस्था भएमा आयोजना विकासको लागि उपलब्ध गराइएको जग्गाको उपादेयता, क्षेत्रफल तथा घरको अवस्था समेतको मूल्याङ्कन गरी उपलब्ध गराइएको मुआब्जा वा क्षतिपूर्तिबाट बसोबासको व्यवस्था गर्न नपुग भएको हदसम्म त्यस्तो व्यक्ति तथा निजको परिवारको लागि अनुमतिपत्र प्राप्त संस्थाले पुनर्स्थापना र पुनर्वासको व्यवस्था गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको पुनर्स्थापना र पुनर्वास सम्वन्धी कार्यक्रम एकीकृत र समन्वयात्मक रुपमा सञ्चालन गर्नु पर्नेछ ।

लागि आवश्यक सुरक्षा, गुनासो व्यवस्थापन तथा प्रशासनिक लगायतका सहयोग नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले उपलब्ध गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको कार्यको लागि आवश्यक पर्ने रकम अनुमतिपत्र प्राप्त संस्थाले व्यहोर्नु पर्नेछ ।

४०. <u>अरुको घर जग्गामा प्रवेश गर्न सक्ने</u>: (१) नेपाल सरकार, प्रदेश सरकार स्थानीय तह वा अनुमतिपत्र प्राप्त संस्थाले खटाएको कर्मचारीले विद्युतको उत्पादन, प्रसारण, वितरण वा व्यापार गर्ने सिलसिलामा कसैको घर जग्गामा प्रवेश गर्नु परेमा सम्वन्धित व्यक्तिलाई पूर्व सूचना दिई सहमति लिएर मात्र त्यस्तो घर जग्गामा प्रवेश गर्न सक्नेछ त्यसरी प्रवेश गर्दा कुनै हानि नोक्सानी हुन गएमा जुन निकायले खटाएको हो सोहि निकायले तोकिए बमोजिम क्षतिपूर्ति दिनेछ ।

(२) उपदफा (१) बमोजिम कसैको घरजग्गामा प्रवेश गर्न सम्बन्धित व्यक्तिले सहमति नदिएमा निजलाई पूर्व सूचना दिई एकजना स्थानीय जनप्रतिनिधि सहित कम्तीमा दुई जना स्थानीय व्यक्तिको रोहवरमा त्यस्तो घरमा प्रवेश गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै घर जग्गामा विद्युतको अनाधिकृत प्रयोग वा चोरी भईरहेको सूचना वा जानकारी प्राप्त हुन आएमा सो कुराको जाँचवुझ गर्न नजिकको सुरक्षा निकाय वा सरकारी निकायका प्रतिनिधि वा स्थानीय निकायको प्रतिनिधिलाई मौखिक जानकारी गराई ती संस्थाले खटाएको कर्मचारी त्यस्तो घर जग्गामा प्रवेश गर्न सक्नेछ ।

तर दुर्घटना नियन्त्रण गर्न तत्काल त्यस्ता घर जग्गामा प्रवेश गर्न आवश्यक परेमा पूर्व सूचना वा मौखिक जानकारी दिन आवश्यक पर्ने छैन ।

४१. <u>वातावरण संरक्षण गर्नुपर्ने</u>: (१) विद्युत आयोजनाको विकास तथा निर्माण गर्दा अनुमतिपत्र प्राप्त संस्था, निजको निर्माण व्यावसायी तथा परामर्शदाताले वातावरण संरक्षण गर्न वातावरण सम्बन्धी प्रचलित नेपाल कानूनको पालना गर्नुपर्नेछ ।

(२) जलस्रोतवाट विद्युत उत्पादन गर्न अनुमतिपत्र प्राप्त संस्थाले विद्युत आयोजनाको विकास तथा निर्माण गर्दा नदी प्रणालीको जल पर्यावरणमा पर्न सक्ने प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्ने उपायहरु अवलम्बन गरी सोको लागि प्रचलित कानून र वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भए बमोजिमको परिमाणको पानी योजनाको बाँधस्थल देखि नदीको तल्लो भागमा प्रवाह हुने व्यवस्था समेत गर्नुपर्नेछ ।

## परिच्छेद-१०

## <u>अध्ययन, अनुसन्धान तथा निरीक्षण</u>

४२. <u>अध्ययन तथा अनुसन्धान</u>: प्रचलित कानून बमोजिम गठन भएको ऊर्जा आयोगले विद्युत क्षेत्रको अध्ययन गर्दा देहाय बमोजिम गर्नु पर्नेछ:-

(क) विद्युत मागको आधारमा त्यसको प्रक्षेपण गर्ने,

(ख) नदी वेसिन योजना समेतका आधारमा न्यूनतम लागतमा विद्युत उत्पादन योजना तयार गर्ने र सोको आधारमा चरणबद्ध रुपमा विकास गर्नुपर्ने आयोजनाहरुको सूची तयार गरी मन्त्रालय समक्ष पेश गर्ने,

मा आयोग समक्ष पेश गर्ने,

(घ) विद्युतसँग सम्वन्धित विषयमा अध्ययन अनुसन्धान गर्ने विश्वविद्यालय तथा समान उद्देश्य भएका निकायसँग सहकार्य गर्ने,

(ङ) विद्युत आयोजनाको निर्माण, सञ्चालन, पुनर्निर्माण वा विस्तारको क्रममा देखिएका समस्या तथा सामना गर्नु परेको जोखिम र सोको समाधान तथा व्यवस्थापनको लागि अवलम्वन गरिएका उपाय तथा सिकाई अद्यावधिक गर्ने ।

४३. निर्देशक समिति : (१) विद्युत आयोजनाको विकास तथा सञ्चालन सम्वन्धमा नीतिगत विषयमा निर्णय गर्न र सम्वद्ध निकायहरुवीच आवश्यक समन्वय गर्न देहाय वमोजिमको एक निर्देशक समिति रहनेछ:-

| | | |
|---|---|---|
| (क) | ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री वा राज्य मन्त्री | - अध्यक्ष |
| (ख) | सदस्य (ऊर्जा क्षेत्र हेर्ने), राष्ट्रिय योजना आयोग | - सदस्य |
| (ग) | सचिव, उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | - सदस्य |
| (घ) | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - सदस्य |
| (ङ) | सचिव, जल तथा ऊर्जा आयोगको सचिवालय | - सदस्य |
| (च) | स्नातकोत्तर उपाधी हासिल गरेका र ऊर्जा क्षेत्रमा कम्तीमा पाँच वर्षको अनुभव भएका व्यक्तिहरु मध्येवाट मन्त्रालयले मनोनयन गरेको कम्तीमा एक जना महिला सहित दुईजना | - सदस्य |
| (छ) | लगानी वोर्डको कार्यकारी प्रमुख | - सदस्य |
| (ज) | सहसचिव, उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | - सदस्य-सचिव |

(२) उपदफा (१) को खण्ड (च) वमोजिमको सदस्यको पदावधि तीन वर्षको हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि निजको काम सन्तोषजनक नभएमा मन्त्रालयले जुनसुकै वखत हटाउन सक्नेछ ।

तर यसरी हटाउनु अघि निजलाई सफाइ पेश गर्ने मनासिब मौका दिनुपर्नेछ ।

(४) उपदफा (१) वमोजिमको समितिको वैठकमा आवश्यकता अनुसार सम्वन्धित प्रदेशको सम्वन्धित विषय हेर्ने मन्त्रालयको मन्त्री वा सो मन्त्रालयले तोकिदिएको प्रतिनिधि वा विद्युत सम्वन्धी विषयको निजी क्षेत्रको प्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ ।

(५) उपदफा (१) को खण्ड (च) वमोजिम सदस्य मनोनयन गर्दा समावेशी सिद्धान्तका आधारमा गर्नु पर्नेछ।

(६) उपदफा (१) वमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :-

(क) विद्युत आयोजनाको विकास तथा सञ्चालन सम्वन्धमा नीति तर्जुमा गरी नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ख) विद्युत आयोजनाको विकास तथा सञ्चालन सम्वन्धमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह वीच आवश्यक समन्वय गर्ने,

(ग) विद्युत आयोजनाको कार्यान्वयन सम्वन्धमा सरोकारवालासँग आवश्यक सहजीकरण गर्ने,

(७) उपदफा (६) बमोजिम नीति तर्जुमा गर्दा लैङ्गिक समावेशीकरणलाई प्राथमिकता दिनु पर्नेछ ।

४४. अनुगमन तथा निरीक्षण: (१) अनुमतिपत्र प्रदान गर्ने अधिकारीले विद्युत आयोजनाको विकास तथा सञ्चालन र उक्त कार्य प्राविधिक दृष्टिले सुरक्षित भए वा नभएको र वातावरणीय प्रतिवेदन अनुरुप भए वा नभएको सम्बन्धमा समय समयमा आवश्यक अनुगमन तथा निरीक्षण गर्न गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुगमन तथा निरीक्षणको क्रममा अनुमतिपत्र प्रदान गर्ने अधिकारीले आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी दिइएको निर्देशनको पालना गर्नु गराउनु सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थाको कर्तव्य हुनेछ ।

## परिच्छेद-११
## कसूर र सजाय

४५. कसूर : कसैले देहाय बमोजिमको कार्य गरेमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछः-

(क) यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त नगरी विद्युत आयोजनाको विकास तथा सञ्चालन सम्बन्धी कुनै कार्य गरेमा,

(ख) दफा ५४ बमोजिमको निर्देशनको पालना नगरेमा,

(ग) विद्युत आयोजना वा त्यसको संरचनामा प्रतिकूल असर पर्ने वा हानि नोक्सानी गर्ने मनसायले हुने कुनै काम गरेमा वा त्यस्तो आयोजना वा संरचना भत्काएमा वा विगारेमा वा त्यस्तो कुनै कार्य गर्न उद्योग गरेमा वा त्यस्तो कुनै कार्य गर्न कसैलाई दुरुत्साहन गरेमा,

(घ) खण्ड (क), (ख) र (ग) मा लेखिए देखि वाहेक यस ऐन विपरीत कुनै कार्य गरेमा वा अनुमतिपत्र वा आयोजना सम्झौतामा उल्लिखित व्यवस्था वा शर्त वा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित शर्तको उल्लङ्घन गरेमा ।

४६. सजाय : (१) कसैले दफा ४५ बमोजिमको देहायको कसूर गरेमा कसूरको मात्रा हेरी देहाय बमोजिमको सजाय हुनेछः-

(क) खण्ड (क) बमोजिमको कसूर गर्नेलाई दश लाख रुपैयाँ देखि बीस लाख रुपैयाँसम्म जरिवाना,

(ख) खण्ड (ख) बमोजिमको कसूर गर्नेलाई कसूरको मात्रा हेरी पाँच लाख रुपैयाँ देखि दश लाख रुपैयाँसम्म जरिवाना,

(ग) खण्ड (ग) बमोजिमको कसूर गर्नेवाट वास्तविक रुपमा हुन गएको हानि नोक्सानी वापतको विगो असुल गरी विगो बमोजिमको जरिवाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय ।

(२) दफा ४५ को खण्ड (घ) को कसूर गर्नेलाई सजाय गर्ने अधिकारीले पाँच लाख रुपैयाँसम्म जरिवाना गरी त्यस्तो कार्यबाट कसैलाई हानि नोक्सानी हुन गएको रहेछ भने सो वापतको क्षतिपूर्ति भराउने र कुनै निर्माण कार्य रोक्ने तथा सुधार गर्ने आदेश दिन सक्नेछ ।

(३) उपदफा (१) को खण्ड (क) र (ख) तथा उपदफा (२) बमोजिम सजाय गर्ने अधिकार अनुमतिपत्र प्रदान गर्ने अधिकारीलाई हुनेछ ।

(४) उपदफा (३) बमोजिम सजाय गर्नु अघि आफ्नो सफाइ पेश गर्ने उचित मौका दिनु पर्नेछ।

४७. नेपाल सरकार वादी हुने: दफा ४६ को उपदफा (१) को खण्ड (ग) अन्तर्गतको मुद्दामा नेपाल सरकार वादी हुनेछ ।

४८. मुद्दाको शुरु कारवाही र किनारा गर्ने अधिकार: (१) दफा ४६ को उपदफा (१) को खण्ड (ग) अन्तर्गतको मुद्दाको शुरु कारवाही र किनारा गर्ने अधिकार सम्बन्धित जिल्ला अदालतलाई हुनेछ।

(२) यस ऐन बमोजिम दायर भएको मुद्दाको कारवाही र किनारा गर्दा संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अवलम्बन गर्नु पर्नेछ ।

४९. पुनरावेदन: दफा २२ को उपदफा (३) बमोजिम अनुमतिपत्र खारेज गरेको निर्णय र दफा ४६ बमोजिम गरेको आदेश वा सजायमा चित्त नबुझ्ने पक्षले त्यस्तो सजाय वा आदेश पाएको मितिले पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

५०. प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्ने: यस ऐन बमोजिम कसूर हुने कुनै कार्य अन्य प्रचलित कानून बमोजिम पनि कसूर हुने रहेछ भने सो कानून बमोजिम मुद्दा चलाई सजाय गर्न यस ऐनमा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन।

## परिच्छेद-१२
## सुविधा तथा सहुलियत

५१. स्थानीय वासिन्दालाई प्राथमिकता दिनुपर्ने : (१) अनुमतिपत्र प्राप्त संस्थाले विद्युत आयोजनाको विकास तथा सञ्चालन गर्दा आयोजनाबाट प्रत्यक्ष प्रभावित स्थानीय वासिन्दालाई निजहरुको सीप र योग्यताका आधारमा रोजगारीमा प्राथमिकता दिनु पर्नेछ ।

(२) विद्युत आयोजनाबाट प्रत्यक्ष रुपमा प्रभावित स्थानीय वासिन्दाले त्यस्तो आयोजना विकासको लागि शेयर लगानी गर्न चाहेमा स्वपुँजीको बढीमा दश प्रतिशतसम्म शेयर लगानी गर्न दिनु पर्नेछ ।

(३) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको लगानीमा विकास गरिने आयोजनाको हकमा स्थानीय वासिन्दाका अतिरिक्त सम्पूर्ण नेपाली नागरिकलाई शेयरमा लगानी गर्न आव्हान गरी शेयर बिक्री गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम आव्हान गर्दा बिक्री नहुने शेयरको हकमा नपुग हुने रकमको लगानी सम्वन्धित सरकारले गर्नुपर्नेछ ।

५२. विद्युत टावर, पोल तथा प्रणालीको प्रयोग : (१) अनुमतिपत्र प्राप्त संस्थाले विद्युत प्रसारण तथा वितरणको लागि निर्माण गरेका विद्युत टावर, पोल तथा भूमिगत प्रणालीको अन्य निकायले समेत आवश्यकता अनुसार आपसी सम्झौता गरी प्रयोग गर्न सक्नेछन् ।

(२) विद्युत वितरणको पोल, ट्रान्सफर्मर तथा भूमिगत प्रणालीको लागि सम्भव भएसम्म सार्वजनिक तथा सरकारी जग्गा प्रयोग गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको जग्गाको लागि अनुमतिपत्र प्राप्त संस्थाले कुनै प्रकारको क्षतिपूर्ति वा भाडा तिर्नुपर्ने छैन ।

(४) विद्युतको टावर, पोल, प्रसारण तथा वितरण लाईन र सो सँग सम्वन्धित संरचना उपर अनुमतिपत्रको अवधिभर अनुमतिपत्र प्राप्त संस्थाको स्वामित्व र अधिकार रहनेछ ।

संस्थाको लिखित स्वीकृति बिना कुनै पनि प्रकारले प्रयोग गर्न वा विज्ञापनका सामग्री राख्न पाईने छैन।

५३. जग्गाको प्रयोग : (१) विद्युत आयोजनाको लागि प्राप्त वा खरिद गरिएको जग्गा कुनै पनि तरिकाले बिक्री वा हक हस्तान्तरण गर्न वा अन्य प्रयोजनको लागि प्रयोग गर्न पाइने छैन ।

(२) सौर्य विद्युत आयोजना निर्माण गर्न कृषियोग्य जमिन, निकुञ्ज तथा आरक्षमा अनुमति दिईने छैन।

## परिच्छेद-१३

## विविध

५४. निर्देशन दिन सक्ने: (१) नेपाल सरकारले कुनै क्षेत्रमा तत्काल विद्युत सेवा पुर्याउन आवश्यक ठानेमा अनुमतिपत्र प्राप्त संस्थालाई त्यस्तो विद्युत सेवा उपलब्ध गराउन आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशन बमोजिम विद्युत सेवा उपलब्ध गराउनु सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थाको कर्तव्य हुनेछ ।

(३) उपदफा (१) बमोजिमको निर्देशन पालना गर्दा अनुमतिपत्र प्राप्त संस्थाले गरेको कार्यको आर्थिक तथा प्राविधिक मूल्याङ्कन गरी नेपाल सरकारले आवश्यक रकम छ महिनाभित्र उपलब्ध गराउन सक्नेछ ।

(४) उपदफा (१) का अतिरिक्त नेपाल सरकारले अनुमतिपत्र प्राप्त संस्थालाई विद्युत उत्पादन, प्रसारण, वितरण, व्यापार तथा ग्राहक सेवा सञ्चालन सम्वन्धमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु त्यस्तो संस्थाको कर्तव्य हुनेछ।

५५. संरचनाको सुरक्षा : (१) विद्युत आयोजना र सो सम्वन्धी संरचनाको सुरक्षा गर्ने प्राथमिक जिम्मेवारी र दायित्व अनुमतिपत्र प्राप्त संस्थाको हुनेछ ।

(२) अनुमतिपत्र प्राप्त संस्थावाट विद्युत आयोजना र सो सम्वन्धी संरचनाको विशेष सुरक्षाको लागि लिखित अनुरोध भई आएमा नेपाल सरकार तथा प्रदेश सरकारले विशेष सुरक्षाको व्यवस्था गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम अनुमतिपत्र प्राप्त संस्थाको अनुरोधमा विशेष सुरक्षा व्यवस्था गरिएकोमा सोको लागि लाग्ने सम्पूर्ण खर्च सम्वन्धित अनुमतिपत्र प्राप्त संस्थाले व्यहोर्नु पर्नेछ ।

५६. सम्झौता गरी जलविद्युत आयोजनाको विकास तथा सञ्चालन गर्न सक्ने: यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार वा नेपाल सरकारले तोकेको संगठित संस्थाले देहाय वमोजिमको अवस्थाको जलविद्युत आयोजना कुनै विदेशी सरकार वा विदेशी सरकारले तोकेको संगठित संस्थासँग एकीकृत विकास तथा वित्तीय सम्झौता गरी सोही सम्झौतामा उल्लिखित शर्तको आधारमा त्यस्तो आयोजनाको विकास तथा सञ्चालन गर्न सक्नेछ:-

(क) एक सय मेगावाटभन्दा बढी जडित क्षमताको केन्द्रीय स्तरको ठूलो आयोजना भएमा,

(ख) नेपालमा उपलब्ध प्रविधि, सीप र जनशक्तिवाट मात्र त्यस्तो आयोजना विकास गर्न सम्भव नहुने भएमा

सन्तुलन कायम गर्न उल्लेखनीय योगदान गर्ने भएमा।

५७. राष्ट्रियकरण नगरिने : (१) अनुमतिपत्र प्राप्त संस्थाको स्वामित्वमा रहेको विद्युत आयोजना तथा संरचनाहरु अनुमतिपत्रको अवधिभर राष्ट्रियकरण गरिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि व्यापक सार्वजनिक हित र जलस्रोतको अधिकतम उपयोग हुने गरी वहुउद्देश्यीय वा जलाशययुक्त आयोजनाको विकास र सञ्चालन गरिने भएमा त्यस्तो आयोजनाको विकास निर्माण गर्दा त्यस्तो स्थानमा कुनै विद्युत आयोजना निर्माण र सञ्चालनमा रहेको भएमा त्यस्तो आयोजनाको लागि तोकिए बमोजिमको क्षतिपूर्ति दिई खरिद गर्न वा अन्य तरिकाले व्यवस्थापन गर्न सकिनेछ ।

स्पष्टीकरण: यस उपदफाको प्रयोजनको लागि "व्यापक सार्वजनिक हित" भन्नाले तत्काल कायम रहेको उपयोगबाट लाभान्वित ग्राहकलाई प्रतिकूल असर हुन नदिई तुलनात्मक रुपमा अधिक संख्यामा ग्राहक लाभान्वित हुने अवस्था सम्झनु पर्छ ।

(३) उपदफा (२) को प्रयोजनको लागि मन्त्रालयमा देहाय वमोजिमको एक क्षतिपूर्ति समिति रहनेछ:-

(क) सचिव, ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय -सदस्य

(ख) आयोजनासँग सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी -सदस्य

(ग) प्रस्तावित आयोजनाबाट प्रभावित हुने आयोजनाको प्रतिनिधि -सदस्य

(घ) प्रभाव पार्ने आयोजनाको प्रतिनिधि -सदस्य

(ङ) प्रभावित हुने र प्रभाव पार्ने आयोजनाले छानेका विज्ञ एकजना -सदस्य

(च) अर्थ मन्त्रालयको प्रतिनिधि -सदस्य

(छ) मन्त्रालयले तोकेको मन्त्रालयको सहसचिव -सदस्य

(४) प्रदेश तथा स्थानीय तहवाट विकास तथा सञ्चालन गरिने विद्युत आयोजनाको हकमा सम्वन्धित प्रदेश तथा स्थानीय तहको कानून वमोजिम क्षतिपूर्ति दिइनेछ ।

(५) उपदफा (३) वमोजिमको क्षतिपूर्ति समितिको काम, कर्तव्य र अधिकार सो समिति आफैंले निर्धारण गरे वमोजम हुनेछ।

५८. ऊर्जा दक्ष उपकरणको प्रयोग: अनुमतिपत्र प्राप्त संस्थाले विद्युत आयोजनाको कार्य गर्दा ऊर्जा दक्ष उपकरण, प्रविधि तथा प्रणालीको प्रयोग गर्नुपर्नेछ।

५९. एकीकृत रुपमा कार्य गर्नु पर्ने: यस ऐन तथा अन्य प्रचलित कानून वमोजिम विकास आयोजना सञ्चालन गर्ने निकायले एक आपसमा समन्वय गरी एकिकृत रुपमा सडक, बिजुली, खानेपानी, सञ्चार संरचना निर्माण गर्नुपर्नेछ।

६०. अधिकार प्रत्यायोजन: यस ऐन वमोजिम मन्त्रालयको सचिवले आफूलाई प्राप्त अधिकारमध्ये सजाय गर्ने अधिकार वाहेक अन्य केही अधिकार आवश्यकता अनुसार विभागको महानिर्देशक वा नेपाल सरकारको राजपत्राङ्कित अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

६१. प्रचलित कानून बमोजिम हुने: यस ऐनमा लेखिएको कुरामा यसै ऐन वमोजिम र अन्य कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

६२. नियम बनाउने अधिकार: (१) नेपाल सरकारले यस ऐनको कार्यान्वयनका लागि आवश्यक

नेपाल सरकारले देहायका विषयमा नियमहरु बनाउन सक्नेछः-

(क) अनुमतिपत्रको ढाँचा, अवधि, अनुमतिपत्रको लागि दिइने निवेदनको ढाँचा र त्यसमा खुलाउनु पर्ने कुरा, दस्तुर वा शुल्क र अन्य आवश्यक कुरा,

(ख) नविकरण सम्वन्धी विषय,

(ग) विद्युत आयोजनाको सञ्चालनमा उपयोग गरिने उपकरण र सामानहरुको स्तर तथा उपयोगका तरिका,

(घ) विद्युतीकरण सम्वन्धी विषय,

(ङ) विद्युत आयोजनाको प्रस्ताव र प्रतिस्पर्धा सम्वन्धी विषय,

(च) वहुउद्देश्यीय तथा जलाशययुक्त आयोजना विकास र क्याप्टिभ तथा सह उत्पादन,

(छ) विद्युत उत्पादन केन्द्र, प्रसारण तथा वितरण लाईन तथा वितरण प्रणाली सञ्चालन तथा व्यवस्थापन र खुला पहुँच,

(ज) विद्युत प्रवाह सम्वन्धी विषय,

(झ) विद्युत व्यापार सम्वन्धी विषय,

(ञ) विद्युत मार्गको अधिकार (राईट अफ वे) सम्वन्धी विषय,

(ट) वार्ताद्वारा आयोजना कार्यान्वयन गर्ने विषय,

(ठ) राष्ट्रिय प्रसारण ग्रीडमा पहुँच र व्यवस्थापन तथा राष्ट्रिय भार प्रेषण केन्द्र,

(ड) ग्राहक सेवा, रोयल्टी प्राप्ति तथा बाँडफाँड सम्वन्धी,

(ढ) जग्गा प्राप्ति तथा जग्गा प्राप्ति पछिको पुर्नस्थापना तथा पुर्नवास सम्वन्धी

(ण) अनुगमन निरीक्षण,

(त) विद्युत आयोजनाको विकास तथा सञ्चालन सम्वन्धी गुनासो व्यवस्थापन,

(थ) जलस्रोतको एकीकृत विकास तथा सम्झौता सम्वन्धी विधि,

(द) अन्य आवश्यक विषय ।

६३. <u>निर्देशिका, कार्यविधि तथा मापदण्ड वनाउन सक्नेः</u> (१) मन्त्रालयले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि तथा मापदण्ड वनाउन सक्नेछ ।

(२) मन्त्रालयले विद्युत आयोजना, सुरुङ्ग, बाँध तथा विद्युत गृह लगायतका संरचनाको डिजाईन, नक्सा तथा सुरक्षाका उपाय सम्वन्धमा मापदण्ड वनाई लागू गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) वमोजिमको निर्देशिका, कार्यविधि तथा मापदण्ड लागू गर्नु अघि सर्वसाधारणको जानकारीको लागि सार्वजनिक गर्नु पर्नेछ ।

६४. <u>ऐन कार्यान्वयन मापन</u>ः मन्त्रालयले यो ऐन प्रारम्भ भएको पाँच वर्ष पुगेको एक वर्ष भित्र र तत्पश्चात प्रत्येक पाँच वर्ष पूरा भएको एक वर्षभित्र ऐन कार्यान्वयनको मापन गर्नेछ र सोको प्रतिवेदन संघीय संसदको दुवै सदनको सम्वन्धित समितिमा पेश गर्नेछ ।

६५. <u>खारेजी र वचाउ</u> : (१) विद्युत ऐन, २०४९ र विद्युत नियमन आयोग ऐन, २०७४ को दफा १२ को खण्ड (च) र दफा १४ को खण्ड (ञ) खारेज गरिएको छ ।

(२) विद्युत ऐन, २०४९ वमोजिम भए गरेको काम कारवाही यसै ऐन वमोजिम भए